# कालिका गाउँपालिका
## आर्थिक ऐन, २०७५

कालिका गाउँपालिका
धैवुङ, रसुवा

कालिका गाउँपालिका
आर्थिक ऐन, २०७५

कालिका गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना**

कालिका गाउँपालिकाको आर्थिक वर्ष ०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २९८ को उपधारा (२) बमोजिम कालिका गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१. यस ऐनको नाम "आर्थिक ऐन २०७५" रहेको छ।

२. यो ऐन २०७५ साल श्रावण १ गते देखि कालिका गाउँपालिका क्षेत्रमा लागू हुने छ।

२. **सम्पति कर:** गाउँपालिका क्षेत्रभित्र अनुसुचि १ बमोजिम एकिकृत सम्पति कर घरजग्गा कर लगाइने र असूल उपर गरिने छ।

३. **घर बहाल कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तबरले बहालमा दिएकोमा अनुसूचि २ बमोजिम घरजग्गा बहाल कर लगाइने र असूल गरिने छ।

४. **ब्यवसाय कर:** गाउँपालिका क्षेत्रभित्र व्यापार व्यावसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुचि ३ बमोजिम व्यावसाय कर लगाइने र असूल उपर गरिने छ।

५. **जडिबुटि, कबाडि र जिवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबटी, वनकस, कबाडिमाल र प्रचलित कानुनले निषेध गरिएको जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायिक कारोबार गरेबापत अनुसूचि ४ बमोजिम कर लगाइने र असुल उपर गरिने छ

६. **सवारी साधन कर:**

१. यस गाउँपालिकामा दर्ता भएका सवारी साधन बाहेकका सवारी साधनको हकमा ३ नं. प्रदेश सरकारले तोके बमोजिम हुने छ।

२. यस गाउँपालिकामा दर्ता भएका टाँगा, रिक्सा, विद्युतिय रिक्सा, अटो रिक्सा जस्ता सवारी साधनमा अनुसूचि ५ बमोजिम कर लागाइने र असुल उपर गरिने छ।

७. **विज्ञापनकर:**

१. गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ६ बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने छ।

२. उपदफा (१) बमोजिम संकलन गरेको करको चालिस प्रतिशत रकम ३ नं. प्रदेशको संचित कोषमा दाखिला गरिने छ।

८. **मनोरञ्जन कर:**

१. गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि ७ बमोजिम व्यावसाय कर लगाइने र असूल उपर गरिने छ।

२. उपदफा (१) बमोजिम संकलन गरेको करको चालिस प्रतिशत रकम ३ नं. प्रदेशको संचित कोषमा दाखिला गरिने छ।

९. **बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ८ मा उल्लेख भए अनुसार पसलमा वा गाउँपालिकाको हल, प्रोजेक्टर, स्पीकर, ट्रक तथा जे.सि.बि. भाडामा लिएकोमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार शुल्क लगाइने र असुल उपर गरिने छ।

१०. **पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधन लाइ पार्किङ सुबिधा उपलब्ध गराए बापत अनुसूचि ९ बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिने छ।

सीता कुमारी पौडेल (अधिकारी)
अध्यक्ष

(सही)

**११. ट्रेकिङ ,कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ग्याफटिङ शुल्कः** गाउँ पालिका क्षेत्रभित्र ट्रेकिङ, कोयोकिङ,क्यानोइङ, बन्जी जम्पीङ, जिपफ्लायर र ग्याफटिङ सेवा वा व्याबसाय संचालन गरेबापत अनुसूचि १० बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१२. सेवा शुल्क, दस्तुरः** गाँउपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि ११ मा उल्लेखित स्थानिय पुवाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१३. पर्यटन शुल्कः** गाँउपालिकाले स्याउवारी पिकनिक स्पोर्टमा पिकनिकको लागि आउने प्रत्येक समुहबाट अनुसुची १२ मा उल्लेखित दरमा शुल्क लगाइने र असुल उपर गरिने छ ।

**१४. अन्य :** यस गाउँपालिकाले गर्ने घर नक्शा पास दस्तुर तथा प्रशासनिक कार्य, न्यायिक समितिले गर्ने न्याय सम्वन्धी काम र समयमा व्यक्तिगत घटना दर्ता नगरेमा अनुसूचि १३ बमोजिमको शुल्क, दस्तुर र जरिवाना लगाईने र असुल उपर गरिने छ ।

**१५ कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन । तर एकल रुपमा बसोबास गरी आएका व्यक्ति जसको एकाधरमा कोही पनि व्यक्ति नभएको वा भएता पनि अपाङ्ग, अशक्त र ७० वर्ष भन्दा माथिका अशक्त बृद्ध बद्धा मात्र भएको भन्ने कुरामा कार्यपालिका सन्तुष्ट भएमा त्यस्तो परिवारलाई बक्यौता रहेको घरधुरी करमा <u>१०%</u> सम्म छुट दिन सक्नेछ । क-कसलाई कर छुट गरिएको हो सो को प्रतिवेदन कार्यपालिकाले अर्को गाउँसभामा पेश गर्नुपर्नेछ ।

**१६. कर तथा सुल्क संकलन सम्वन्धि कार्यविधिः**

१.यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सम्वन्धी कार्यविधि गाँउपालिकाले तोके अनुसार हुनेछ ।

२. यो ऐनमा व्यवस्था भए बमोजिम गाउँपालिकालाई तिर्नु पर्ने रकम बाँकी भई असुल उपर गर्दा बक्यौता बाँकी रकममा थप १० प्रतिशतले जरिवाना रकम जोडी एकमुष्ट असुलउपर गरिने छ ।

(सही)
सीता कुमारी पौडेल (अधिकारी)
अध्यक्ष

(स्था)

# आर्थिक ऐन, २०७५ का अनुसूचिहरु

## अनुसूचि- १
## आर्थिक ऐन, २०७५ को दफा २ संग सम्बन्धित

सम्पति कर

| सि.नं. | विवरण | दर /प्रतिवर्ष रु. |
|---|---|---|
| १. एकिकृत सम्पती कर | | |
| | क) रु. ५ लाखसम्म | १००। |
| | ख) रु. ५ लाख १ देखि ५० लाखसम्म | २०। प्रतिलाख |
| | ग) रु. ५० लाख १ देखि १ करोडसम्म | ३५। प्रतिलाख |
| | घ) रु. १ करोड १ देखि २ करोडसम्म | ४५। प्रतिलाख |
| | ङ) रु. २ करोड १ देखि ३ करोडसम्म | ५५। प्रतिलाख |
| | च) रु. ३ करोड १ देखि ५ करोडसम्म | ७०। प्रतिलाख |
| | छ) रु. ५ करोड १ देखि माथि | ९०। प्रतिलाख |

## अनुसूचि- २
## आर्थिक ऐन, २०७५ को दफा ३ संग सम्बन्धित

घर वहाल कर

| सि.नं. | विवरण | दर /प्रतिवर्ष |
|---|---|---|
| १ | भवन, घर, पसल, ग्यारेज, गोदाम,टहरा, छप्पर वा जग्गा पुरै वा आंशिक भाडामा दिएकोमा सो दरको | १०% |

## अनुसूचि- ३
## आर्थिक ऐन, २०७५ को दफा ४ संग सम्बन्धित

व्यवसाय कर

| सि.नं. | विवरण | दर /प्रतिवर्ष |
|---|---|---|
| १ | १. व्यापारिक वस्तु | |
| | १.१ सुन चाँदीका सामान तयारी र विक्री | १०००। |
| | १.२ भिडियो क्यासेट रेकर्डर तथा प्लेयर उत्पादक | ७५०। |
| | १.३ मोवाईल मर्मत तथा विक्री | १२००। |
| | १.४ चुरोट, रक्सी | |
| | (क) थोक विक्रेता | २०००। |
| | (ख) खुद्रा विक्रेता | १५००। |
| | १.५ हलुका पेय पदार्थ थोक विक्रेता | १०००। |
| | १.६ निर्माण सामग्री | |
| | (क) सिमेन्ट, छड र धातुका निर्माण सामग्री पसल | २५००। |
| | (ख) कुनै एक किसिमका निर्माण सामन मात्र | १०००। |
| | १.७ कम्प्युटर र सो का सामान विक्री गर्ने पसल | १०००। |

(स्था)
सीता कुमारी पौडेल (अधिकारी)
अध्यक्ष

गोसाईकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धुन्चे, रसुवा ३ नं. प्रदेश, नेपाल २०७३

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
३ नं. प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| | १.८ विद्युत पसल | |
| | (क) विजुलीका सामान थोक बिक्रेता | १०००। |
| | (ख) विजुलीका सामान खुद्रा बिक्रेता | ५००। |
| | १.९ रेडियो, घडी बिक्री | १०००। |
| | १.१० फर्निचरका सामान तथा कार्पेट पसल | १०००। |
| | १.११ पेट्रोलियम पदार्थ | |
| | (क)आयल निगमको डिलर भई पेट्रोलियम पदार्थ बिक्री | ५०००। |
| | (ख) खुद्रा ग्याँस बिक्री | ५००। |
| | १.१२ टेलिभिजन तथा फ्रिज पसल | ५००। |
| | १.१३ खाद्यान्न किनारा पसल | |
| | (क) सवै किसिमका किराना सामानको थोक बिक्रेता | २०००। |
| | (ख) ५ लाख भन्दा बढि पूँजि भएको किराना सामान | १५००। |
| | (ग) ५ लाख सम्म पूँजि भएको किराना सामान | १०००। |
| | (घ) फलफुल तथा तरकारी पसल | ५००। |
| | (ङ) खाद्यान्नको मात्र पसल | ७५०। |
| | (च) खेलौना गिफ्ट सप सामान बिक्री पसल | ७५०। |
| | १.१४ कपडा पसल | |
| | (क) रेडिमेड कपडा पसल | १५००। |
| | (ख) अन्य कपडा पसल | १५००। |
| | १.१५ कृषि तथा पशु सम्बन्धी पसल | |
| | क) किट नाशक औषधी तथा विउविजन | १०००। |
| | ख) पशुपंक्षिको औषधी आदी | १०००। |
| | ग) मलखाद पसल | १०००। |
| | १.१६ मासु पसल | १०००। |
| २ | २. परामर्श तथा व्यवसायक सेवा | |
| | २.१ सामान ढुवानी कर्ता कम्पनी | १०००। |

सीता कुमारी पौडेल (अधिकारी)
अध्यक्ष

कालिका गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
धुवाडु, रसुवा
३ नं. प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| | २.२ परामर्शदाता कम्पनी | ७५०। |
| ३ | ३. निर्माण व्यवसाय | |
| | ३.१ क वर्ग | ५०००। |
| | ३.२ ख वर्ग | ४०००। |
| | ३.३ ग वर्ग | ३०००। |
| | ३.४ घ वर्ग | २५००। |
| ४ | ४. उद्योग | |
| | ४.१ उत्पादनमूलक उद्योग | |
| | (क) उद्योग (इट्टा, पिउने पानी) | २०००। |
| | (ख) घरेलु तथा साना उद्योग | ५००। |
| | (ग) वेल्डीड तथा ग्रील पसल | १२००। |
| | ४.२ फर्निचर उद्योग | |
| | (क) ट्ली समेत रहेको फर्निचर उद्योग | ३०००। |
| | (ख) स-मिल तथा उच्च स्तरको फर्निचर उद्योग | २०००। |
| | (ग) सामान्य फर्निचर उद्योग | १,०००। |
| | ४.३ उर्जामूलक उद्योग, कृषि तथा बनजन्य उद्योग | |
| | (क) एक करोड देखि माथी पूजी भएको | ३०००। |
| | (ख) सो भन्दा मुनी १० लाखसम्मको | २०००। |
| | ४.४ खनिज उद्योग | १५००। |
| ५ | ५. पर्यटन | |
| | ५.१ होटल, लज रिसोर्ट, तथा रेष्टुरेण्ट | २०००। |
| | ५.२ चिया तथा खाजा पसल | ५००। |
| | ५.३ कपाल काट्ने पसल | ७५०। |
| | ५.४ ब्यूटी पार्लर पसल | ५००। |
| ६ | ६. सेवा उद्योग | |
| | ६.१ सिनेमा हल | ५००। |
| | ६.२ अफसेट प्रेस | ५००। |
| | ६.३ कोल्ड स्टोर तथा फाष्टफुड पसल | ७५०। |
| | ६.४ सार्वजनिक परिवहन बुकिङ्ग | ५००। |
| | ६.५ मोटरसाईकल वर्क शप | ७५०। |
| ७ | ७. निर्माण उद्योग | १०००। |
| ८ | ८. संचार सेवा | |
| | ८.१ फोन, प्याक्स, इमेल, इन्टरनेट सेवा सम्बन्धी व्यवसाय | ५००। |
| | ८.२ कुरियर सेवा | ५००। |
| | ८.३ छपाई तथा प्रकाशन गर्ने फर्म | ७५०। |



सीता कुमारी पौडेल (अधिकारी)
अध्यक्ष

| | | |
|---|---|---|
| ९ | ९. पत्रपत्रिका तथा स्टेशनरी पसल | १०००। |
| १० | १०. वित्तीय सेवा | |
| | १०.१ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने बैक तथा वित्तीय संस्था क वर्ग | ६०००। |
| | १०.२ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने बैक तथा वित्तीय संस्था ख वर्ग | ५००० |
| | १०.३ निजी क्षेत्रका आर्थिक कारोबार गर्ने बैक तथा वित्तीय संस्था ग वर्ग | ४५००। |
| | १०.४ आर्थिक कारोवार गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | १००००। |
| | १०.५ बिमा कम्पनी/काउण्टर | ५०००। |
| | १०.६ विदेशी मुद्रा सटही काउन्टर | १०००। |
| | १०.७ धितोपत्र कारोबार | १०००। |
| ११ | ११. स्वास्थ्य सेवा | |
| | ११.१ गैन्ह सरकारी अस्पताल | ५०००। |
| | ११.२ नसिङ्ग होम | ५०००। |
| | ११.३ क्लिनिक तथा ल्याव | १५००। |
| | ११.४ फार्मेसी तथा औषधी पसल | १२००। |
| १२ | १२. पशुपंक्षि तथा कृषि व्यावसायिक फर्म | ७५०। |
| १३ | १३. गाउँपालिकाले तोकेको स्थानमा तथा नियमानुसार सार्वजनिक स्थलमा ठेला गाडामा राखी व्यवसाय गर्ने लाई | ५००। |
| १४ | १४. घरेलु मिल | |
| | १४.१ कुटानी पिसानी मिल | ५००। |
| | १४.२ तेल पेल्ने समेत भएको मिल | ७५०। |

एकै व्यक्तिले एक भन्दा बढि व्यवसाय एकै ठाउँमा संचालन गरेमा व्यवसायको लागि तोकिएको शुल्क मध्ये अधिकतम जुन व्यवसायको छ सोहि बमोजिम शुल्क लाग्ने छ।

## अनुसूचि- ४

### आर्थिक ऐन, २०७५ को दफा ५ संग सम्बन्धित

वन पैदावार, कवाडी र जीवजन्तु कर

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १. | रुख कटान सिफारिस | २५।/ प्रति रुख |
| २. | वन पैदावार निकासी | |
| | (क) काठ | ५। प्रति क्यू.फि. |
| | (ख) जडिबुटी तथा अन्य वनस्पती | ५। प्रति के.जी. |
| ३. | कवाडी सामान प्रति ट्रिप | २०००। |
| | बोरामा लगेमा | रु १० प्रतिबोरा |

सीता कुमारी पौडेल (अधिकारी)
अध्यक्ष

कालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धैवुङ, रसुवा
३ नं. प्रदेश, नेपाल
२०७३

## अनुसूचि- ५
## आर्थिक ऐन, २०७५ को दफा ६ संग सम्बन्धित

सवारी साधन कर

| सि.नं. | विवरण | दर /प्रति वर्ष | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका भित्र दर्ता भएका सवारी साधान(टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतिय रिक्सा) वाहेक | | ३ नं. प्रदेश कानून बमोजिम हुनेछ। |
| | टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतिय रिक्सा | | |

## अनुसूचि- ६
## आर्थिक ऐन, २०७५ को दफा ७ संग सम्बन्धित

विज्ञापन कर

| सि.नं. | विवरण | दर /प्रति वर्ष | कैफियत |
|---|---|---|---|
| १ | व्यवसायिक प्रयोजनको लागि सार्वजनिक स्थल, सडकछेउमा राखिएका होडिङ वार्ड तथा भित्ते लेखन आदी | रु.५०। प्रति वर्ग फिट | |
| २ | सार्वजनिक स्थल तथा सडक छेऊमा राखिने तुल व्यानर आदि | रु. १०। प्रति वर्ग फिट प्रत्येक पटक | |

## अनुसूचि- ७
## आर्थिक ऐन, २०७५ को दफा ८ संग सम्बन्धित

मनोरञ्जन कर

| सि.नं. | विवरण | दर /प्रति वर्ष | कैफियत |
|---|---|---|---|
| १ | सिनेमा हल सञ्चालन | | |

## अनुसूचि- ८
## आर्थिक ऐन, २०७५ को दफा ९ संग सम्बन्धित

वहाल विटौरी कर

| सि.नं. | विवरण | दर /प्रति वर्ष | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका भित्रका गाउँपालिकाका पसल/सटर | | |
| | स्पीकर भाडा प्रतिदिन | रु. ५००। | |
| | प्रोजेक्टर भाडा प्रतिदिन | रु. १०००। | |
| | हल भाडा प्रतिदिन | रु. १५००। | |
| २ | गाउँपालिकाको क्षेत्रभित्रको ऐलानी जग्गा कुनै संघसंस्थालाई अस्थायी रुपमा उपलब्ध गराएमा मासिक प्रति वर्ग फिट | रु. १५। | |
| ३ | टिप्पर ट्रक भाडा | | गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ। |
| ४ | जे.सि.बि मेशिन भाडा प्रति घण्टा इन्धन सहित | रु. २२००। | सात दिनभन्दा माथिको अवधिलाई भए कार्यपालिकाले तोके बामोजिम हुनेछ। |

सीता कुमारी पौडेल (अधिकारी)
अध्यक्ष

कालिका गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय
धैबुङ, रसुवा
३ नं. प्रदेश, नेपाल
२०७३

## अनुसूचि- ९
### आर्थिक ऐन, २०७५ को दफा १० संग सम्बन्धित

पार्किङ्ग शुल्क

| सि.न | विवरण | दर /प्रतिवर्ष | कैफियत |
|---|---|---|---|
| १ | वडा न. १ भित्रका बजारमा पार्किङ्ग शुल्क | | |
| २ | वडा न. २ भित्रका बजारमा पार्किङ्ग शुल्क | | |
| ३ | वडा न. ५ भित्रका बजारमा पार्किङ्ग शुल्क | | |

## अनुसूचि- १०
### आर्थिक ऐन, २०७४ को दफा ११ संग सम्बन्धित

ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टिङ्ग शुल्क

| सि.नं. | विवरण | दर /प्रतिवर्ष | कैफियत |
|---|---|---|---|
| १ | ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टिङ्ग शुल्क | | |

## अनुसूचि- ११
### आर्थिक ऐन, २०७५ को दफा १२ संग सम्बन्धित

सेवा शुल्क, दस्तुर

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | नागरिकता सिफारिस | १००। |
| २ | नागरिकता प्रतिलिप सिफारिस | २००। |
| ३ | चार किल्ला प्रमाणित प्रति कित्ता सिफारिस | २००। |
| ४ | घरबाटो सिफारिस | २००। |
| ५ | नाता प्रमाणित | ३००। |
| ६ | जन्म प्रमाणित | २००। |
| ७ | विवाह प्रमाणित | १००। |
| ८ | नाबालक प्रमाणित | २००। |
| ९ | आम्दानी प्रमाणित अंग्रजमा समेत मूल्यांकित रकमको | ०.२५% |
| १० | सम्पत्ति तथा जग्गाको मूल्याङ्कन सिफारिस अंग्रेजीमा समेत मूल्यांकित रकमको | ०.२५% |
| ११ | घर भएको/नभएको प्रमाणित | १००। |
| १२ | आम्दानी प्रमाणित, सम्पत्ति तथा जग्गा मूल्याङ्कन नेपालीमा(मूल्याङ्कित रकमको) | ०.१०% |
| १३ | नामसारी सिफारिस | १००। |
| १४ | अंग्रेजीमा नाता प्रमाणित | ५००। |
| १५ | अंग्रेजीमा जन्म प्रमाणित | ५००। |
| १६ | अंग्रेजीमा विवाह प्रमाणित | ५००। |
| १७ | अंग्रेजीमा नाबालक प्रमाणित | ५००। |
| १८ | कित्ताकाट सिफारिस | २००।/प्रति कित्ता |



रीता कुमारी पौडेल (अधिकारी)
अध्यक्ष

(स्टै) [signature]

| सि.नं. | विवरण | दर |
| --- | --- | --- |
| १९ | मोही लगत कट्टा | २००। |
| २० | विद्यालय कक्षा थप | ३०००। |
| २१ | खानेपानी जडान | १००। प्रति धारा |
| २२ | गैर नाफामुलक संस्था दर्ता प्रमाणपत्र वापत | १५००। |
| | संस्था दर्ता, नविकरण खारेजी र सिफारिस शुल्क | ५००। (वार्षिक रु ५ करोड भन्दा माथि कार्यक्रम भएमा १०००।) |
| २३ | रेडियो संचालन अनुमति, नविकरण, खारेजी शुल्क | १०००। |
| २४ | केवल ईन्टरनेट, टेलिभिजन प्रसारण, अनुमति र नविकरण शुल्क | १०००। |
| २५ | विजुली मिटर सिफारिस | |
| | २५.१ ५ एम्पियरसम्म | १००। |
| | २५.२ ५ एम्पियर भन्दा माथि १६ एम्पियरसम्म | ३००। |
| | २५.३ १६ एम्पियर भन्दा माथि | ५००। |
| २६ | नयाँ विद्यालय दर्ता सिफारिस | ५०००। |
| २७ | अस्थायी बसोवास सिफारिस | ५००। |
| २८ | स्थायी बसोवास सिफारिस | ५००। |
| २९ | फरक फरक नाम थर सिफारिस | १००। |
| ३० | तिन पुस्ते प्रमाणित | १५०। |
| ३१ | हिज्जे फरक भएको सिफारिस | १००। |
| ३२ | मृतकको हकदार प्रमाणित | २००। |
| ३३ | जग्गा धनी प्रमाणपुर्जा सिफारिस | १००। |
| ३४ | कर चुक्ता | ५००। |
| ३५ | गैन्ह सरकारी संस्था प्रमाणपत्र | १५००। |
| ३६ | व्यवसाय बन्द | २००। |
| ३७ | फोहोर मैला व्यवस्थापन शुल्क | |
| | व्यापारिक रुपमा निस्किएका फोहोरको शुल्क कम्तिमा | रु ५००। प्रति महिना |
| | व्यक्तिगत रुपमा निस्किएका फोहोरको शुल्क कम्तिमा | रु २००। प्रति महिना |
| ३८ | घर भवनको नक्शा पास शुल्क | रु ५। प्रति घ.मि. |
| ३९ | उद्योग व्यावशाय दर्ता सिफारिस | ५००। |
| ४० | सिफारिसका लागी मुचुल्का तयार गर्नु परेमा सिफारिस दस्तुरमा थप | २००। |

## अनुसूचि- १२
## आर्थिक ऐन, २०७५ को दफा १३ संग सम्बन्धित

पर्यटन शुल्क

| क्र.स. | विवरण | शुल्क रु. |
| --- | --- | --- |
| १ | स्याउवारी पिकनिक स्पोर्टमा पिकनिक गर्ने प्रत्येक समुह | |
| २ | | |



(स्टै) [signature]
सीता कुमारी पौडेल (अधिकारी)
अध्यक्ष

अनुसूचि- १३
आर्थिक ऐन, २०७५ को दफा १४ संग सम्बन्धित

१. नक्सा पास दस्तुर

| क.स. | विवरण | दस्तुर तथा शुल्क रु. |
|---|---|---|
| १ | नक्सा पास फाराम प्रति फाराम | ५००। |
| २ | नक्सा पास दस्तुर प्रति वर्गफिट | ५। |

२. प्रशासनिक कार्य

| क.स. | विवरण | शुल्क रु. |
|---|---|---|
| १. | कर्मचारी भर्ना परीक्षा शुल्क तथा फाराम दस्तुर (अधिकृत स्तर) | रु. १०००। |
| २. | कर्मचारी भर्ना परीक्षा शुल्क तथा फाराम दस्तुर (सहायक तथा सहयोगी कर्मचारीको लागि) | ५००। |
| ३. | बोलपत्रतथा टेण्डर दस्तुर | सार्वजनिक खरिद ऐन, २०६३ तथा नियम २०६४ अनुसार । |
| ४. | सूचिदर्ता | रु. १००। प्रति फर्म |

**३. जरिवाना**

| क.स. | विवरण | शुल्क रु. |
|---|---|---|
| १. | तोकिएको समयमा व्यक्तिगत घटना दर्ता नगरेमा (जन्म मृत्यु, विवाह बसाइसराई सम्वन्ध विच्छेद) | रु. ५०। प्रति घटना दर्ता |

**३. न्यायिक कार्यमा**

| क.स. | विवरण | शुल्क दस्तुर रु. |
|---|---|---|
| १. | उजुरी दर्ता | रु. १००। |
| २. | घर खाली गरेको | रु. ५००। |
| ३. | साँध सिमाना छुट्याएको प्रति कित्ता | रु. ५००। र थप प्रतिकित्ता रु. १००। |
| ४. | मिलापत्र गराएको प्रति मिलापत्र | रु. ५००। |

सीता कुमारी पौडेल (अधिकारी)
अध्यक्ष